**आ.व. २०८०/०८१ मा नगरपालिकाले अवलम्वन गर्ने नीतिहरु देहाय अनुसार प्रस्ताव गरिएको छ ।**

“स्वच्छ, सफा, हराभरा, बनाऔं कागेश्वरी मनोहरा” मुख्य नाराका साथ कागेश्वरी मनोहरा नगरपालिकाको आगामी आ.व. २०८०/८१ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा मूलतः वि.सं. २१०० को दिर्घकालिन लक्ष्य, सन् २०३० सम्मको दिगो विकास लक्ष्य, नेपाल सरकारको पन्ध्रौं पञ्चवर्षिय योजना साथै संघीय तथा प्रदेश सरकारले लिएको नीति तथा कार्यक्रम, स्थानीय निर्वाचनको क्रममा सबै राजनैतिक पार्टीहरुले प्रतिवद्धता जनाई संकल्प गरेका महत्वपूर्ण साझा सवालहरु, स्थानीय सरकारको रुपमा राज्यको तर्फबाट पूरा गर्न लोककल्याणकारी अवधारणामा आधारित कार्यहरु, सामाजिक र आर्थिक एवं मानवीय सूचाङ्कका आधारमा पछाडि परेका वर्ग, समुदाय, क्षेत्र लगायत समग्र रुपमा नगरवासीको सर्वाङ्गीण विकासको अवधारणालाई आत्मसात गर्दै यो नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**नगर गौरवको आयोजनाहरू**

१. नगरपालिकाको सर्वाङ्गीण विकासमा दीर्घकालिन महत्त्व राखी नगरवासीको विकास र समृद्धिमा महत्त्वपूर्ण भूमिका खेल्ने आयोजनाहरूः

क. पूर्वी उपत्यका नयाँ शहरी विकास आयोजना

ख. नगरपालिकालाई खेलकूद नगरीको रुपमा विकास गर्ने आयोजनालाई नगर गौरवको आयोजनाको रुपमा अगाडि बढाईने छ।

## क. कृषि

१. मुहान श्रोत भएका स्थानमा सतही सिंचाईको व्यवस्था गर्न प्रोत्साहन गरिनेछ र मनोहरा खोलाको किनारका सिंचाई योग्य भू-भागहरुमा सिंचाईको लागि आवश्यक वजेट व्यवस्था गरिनेछ।

२. दैनिक उपभोग्य खाधान्न वाली (धान, मकै,गहुं)तथा तरकारि को विउ वितरणमा ५०% अनुदानको व्यवस्था मिलाईने छ।

३. यस नगरपालिका लाई कृषिमा आधुनिकिकरण तथा व्यवसायिकरण वनाउन कृषि यान्त्रीकरण मा सकृय कृषक समुह/कृषक उद्यमीहरुलाई कृषि औजारमा ५०% अनुदानको व्यवस्था मिलाईने छ ।

४. च्याउ उत्पादन लाई व्यवसायिक वनाउन विउ, आवश्यक सामाग्री तथा च्याउ घर निर्माणमा ५०% अनुदानको व्यवस्था मिलाईने छ ।

५. सम्भाव्य वडाहरुलाई कृषिको लागि विशेष कृषि क्षेत्र घोषणा गरि निजि क्षेत्रलाई प्रर्वद्धन गर्ने नीति लिइने छ ।

६. मौसमी तथा वेमौसमी तरकारी खेतीको क्षेत्र विस्तारमा ताजा तरकारी उत्पादनको लागि आवश्यक ( वीउ, मल तथा अन्य आवश्यक सामाग्री अनुदानको व्यवस्था मिलाईने छ ।
७. नगरपालिका भित्रको बाँझो जमिनलाई सदुपयोग गर्न नगदेवाली फलफूल ,जडिवुटि तथा मसला खेति गर्न तालिम लाई प्रोत्साहन गरिने छ ।
८. रासायनिक विषादीको प्रयोगलाई न्यूनीकरण तथा प्राङ्गारीक उत्पादन वृद्धि गर्न जैविक ( विषादी र मल ) IPM प्रविधि तथा प्राङ्गरीक मलको प्रयोगमा ५०% अनुदानको व्यवस्था मिलाईने छ । कृषिको व्यवासयिकीकरणको लागि नगरपालिकाको विभिन्न वडाहरुमा माटो परिक्षण शिविर सञ्चालन गरी आवश्यक मात्रामा कृषि चुन ८० % अनुदानमा वितरण गरिनेछ ।
९. फूलको आयात प्रतिस्थापनका लागि व्यवसायिक पुष्प उत्पादक/उद्यमीलाई उचित अनुदानको व्यवस्था मिलाईने छ ।
१०.खाद्यान्न, तरकारी तथा फलफुल उत्पादनमा वृद्धिका लागि विषयगत संघिय तथा प्रदेश स्तरीय निकाय संग समन्वय गरिने छ ।नगरपालिकाभित्र वडा नं. १ मा कृषि बजार केन्द्र स्थापनाको कार्य अगाडी बढाईएकोछ।

**ख. पशु सेवा**

१. गाईभैंसी, बाख्रा पालन गर्ने किसान तथा व्यवसायिक कृषकहरुलाई आवश्यकता अनुसार प्राविधिक सहयोग दिई क्षमता अभिवृद्धि गरिनेछ ।
२. यस नगरपालिका भित्र रहेका पशुहरुको स्वस्थकर उत्पादनलाई मध्यनजर गरी मागमा आधारित अनुदानमा Cow Mat वितरण र गोठ सुधार कार्यक्रम संचालन गरिनेछ र पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
३. पशुहरुको शारिरीक बृद्धिका निमित्त आवश्यक मिनरल,भिटामिन यस नगरपालिकाको पशु सेवा शाखाबाट प्रदान गरिनेछ । यसका साथै पशुपालनका लागि आवश्यक मौसम अनुसार घाँसको बिउ/बेर्ना वितरण गरि पशुपालनमा लाग्ने लागत घटाई कृषकहरुको नाफामा बृद्धि गरिनेछ ।
४. पशुपालक कृषकहरुलाई थप सेवा प्रदान गर्न किसान कार्ड वितरणमा निरन्तरता दिईनेछ ।
५. समय समयमा यस नगरपालिका भित्र स्वास्थ्य शिविर संचालन गरि पशु स्वास्थ्य तथा उत्पादनमा ह्रास ल्याउने अति स्रङ्क्रामक रोगहरु जस्तै FMD, PPR,LUMPY SKIN DISEASE विरुद्ध खोप लगाई समयमै रोकथाम गर्ने र रोग लागि विरामी भएका

पशुहरुको रोग निदान तथा प्रभावकारी उपचारका निमित्त प्रयोगशाला सेवा निरन्तर रुपमा प्रदान गरिनेछ।

६. "Rabies zero by 30" को अवधारणा अनुसार मानिसमा कुकुरको टोकाईबाट सर्ने रेविज रोगको रोकथामको लागि सामुदायिक कुकुरहरुको संख्या न्युनिकरण गर्न बन्ध्याकरण कार्यक्रम संचालन र रेविज रोग विरुद्ध खोप कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

७. उपभोक्ताहरुलाई स्वस्थकर मासु तथा दुधजन्य पदार्थ उपलब्ध गराउने उद्देश्यले नियमित अनुगमन  गरी गुणस्तरिय मासु तथा दुधको उपलब्धतालाई सुनिश्चित गरिनेछ। साथै Meat Mart को व्यवस्था गरी गुणस्तरीय र स्वस्थकर मासु वितरण गरिनेछ।

८. मुलपानीमा अवस्थित पशुसेवा केन्द्रमा सेल्टर निर्माण गरि आवश्यक पुर्वाधार सहित बिरामी सामुदायिक कुकुरहरुको उपचार तथा हेरचाह गरिनेछ ।

**ग. शिक्षा**

१. शिक्षासम्बन्धी अध्ययन, अनुसन्धान एवम् नवप्रवर्तनात्मक कार्यमा विशेष प्राथमिकता तथा प्राविधिक, व्यवसायिक, सिपमूलक र रोजगारमूलक शिक्षामा जोड दिंदै दीर्घकालीन योजनासहित नगरपालिकालाई शैक्षिक हबको रूपमा विकास गर्दै लग्ने कार्य प्रारम्भ गरिएकाले सो कार्यलाई निरन्तरता दिइनेछ।

२. विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि प्रारम्भिक तहबाट सुरुवात गरी नगरपालिका भित्रका सामुदायिक विद्यालयको भौतिक र शैक्षिक अवस्था एवम् कर्मचारी व्यवस्थापनमा क्रमश सुदृढीकरण गरिनेछ ।यसका लागि प्रारम्भिक बाल विकास केन्द्रहरुहरू यस वर्षदेखि कक्षा १ मा समान स्तरको गुणस्तर सुनिश्चितताका साथै प्रत्येक तहमा विद्यार्थी संख्याको अनुपातमा आवश्यकताका आधारमा क्रमश आवश्यक शिक्षक व्यवस्थापन गर्दै प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकासमा जोड दिइनेछ।

३. सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीलाई विद्यार्थीको सिकाइ उपलब्धी सुधारका लागि थप जिम्मेवार बनाउने उद्देश्यले नतिजामा आधारित कार्य सम्पादन करार गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४. सूचना प्रविधिको विश्वव्यापी विकाससँग सामञ्जस्यता कायम गर्न विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोगमा जोड दिइनेछ । यसका लागि विद्यालय एवम् शिक्षकको क्षमता विकासमा विशेष प्राथमिकता दिइनेछ । साथै क्रमश सबै सामुदायिक विद्यालयहरुमा सूचना प्रविधि प्रयोगशाला र उच्चगतिको ईन्टरनेट सुविधाको व्यवस्था गरिनेछ । साथै नगरपालिका अन्तर्गतको विद्यालय व्यवस्थापन प्रणालीलाई थप सुदृढ र प्रभावकारी वनाउने कार्यलाई निरन्तरता दिइनेछ।

५. शैक्षिक सुधारका लागि नियमित विद्यालय अनुगमन एवम् कक्षाकोठा अवलोकन तथा पृष्ठपोषण, शैक्षिक सरोकारवालाहरुसँगको सहकार्य, अभिभावक शिक्षा, जनचेतनामूलक कार्यक्रम

एवम् नमुना विद्यालय लगायत उदाहरणीय शैक्षिक संस्थाहरुको अवलोकन भ्रमण जस्ता क्रियाकलापमा जोड दिइनेछ ।

६. कक्षा ४ देखि कक्षा १० सम्मको सवै परीक्षालाई वैज्ञानिक एवम् गुणस्तरीय परीक्षा सञ्चालन तथा व्यवस्थापनको सुनिश्चितता गर्दै उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी एवम् विद्यालयका लागि पुरस्कारको व्यवस्था गरिनेछ ।

७. विद्यार्थीको सर्वागींण विकासका लागि विद्यालय अतिरिक्त क्रियाकलाप एवम् खेलकुद क्रियाकलापमा विशेष जोड दिंदै विद्यालय तथा नगरपालिकास्तरीय कार्यक्रमहरु सञ्चालन गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक आवश्यकता अनुसार परिमार्जन गरी नगरपालिका स्थित सामुदायिक तथा संस्थागत विद्यालयमा कक्षा १ देखि ८ सम्म अध्ययनरत सम्पूर्ण विद्यार्थीलाई निशुल्क उपलब्ध गराइनेछ । स्थानीय पाठ्यक्रमको पुस्तकमा नगरगान समावेश गरिनेछ।

९. हाल विद्यमान शैक्षिक बेरोजगारी घटाउन, उद्यमशीलताको विकास गर्न र रोजगारीको सिर्जना गर्न आगामी पाँच वर्षभित्र नगर क्षेत्रका कम्तीमा थप दुई वटा विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गरिनेछ। साथै उद्यमशीलता प्रवर्द्धन गर्न “पढ्दै कमाउँदै” जस्ता कार्यक्रमहरु क्रमश लागू गर्दै लगिनेछ र नगरपालिकामा प्राविधिक शिक्षाको विकासका लागि CTEVT द्वारा स्वीकृत प्राप्त नगरपालिकाभित्र वा बाहिरका पोली टेक्निकल इन्स्टिच्युट सँग समन्वय गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

१०. नगरक्षेत्र भित्र शैक्षिक संस्था सञ्चालनको अनुमति दिने प्रक्रियालाई व्यवस्थित र वैज्ञानिक बनाइनेछ । नगरक्षेत्र भित्रका सवै संस्थागत विद्यालयहरुको “विद्यालय वर्गीकरण तथा शुल्क निर्धारण कार्यविधि अनुसार वर्गीकरण गरी पूर्वाधार, क्षमता विकास, अतिरिक्त क्रियाकलाप, खेलकुद लगायतका क्षेत्रमा सहकार्य एवम् साझेदारी गर्दै सामाजिक रूपमा उत्तरदायी बनाइनेछ ।

११. संविधानप्रदत्त अनिवार्य शिक्षाको अधिकार सुनिश्चित गर्न अपांगता भएका लगायत सबै बालबालिकालाई विद्यालय भर्नाको वातावरण सिर्जना गरी भर्ना गरिनेछ । नगर क्षेत्रभित्र सरकारी, गैह्रसरकारी र निजी तवरबाट वितरण गर्दै आईरहेको छात्रवृत्तिलाई प्रभावकारी नियमन गर्दै गरीब, दलित, छात्रा, जनजाति, लोपोन्मुख जातजाति, अपांगता भएका, अल्पसंख्यक र जेहेन्दार विद्यार्थीका लागि छात्रवृत्ति वितरणलाई वैज्ञानिक बनाई वितरण गरिनेछ । साथै विविध कारणवश विद्यालय शिक्षा पूरा गर्न नसकेका महिला वा अन्य सीमान्तकृत समुदाय लक्षित भई सञ्चालनमा रहेका वा स्थापना हुने सामुदायिक अध्ययन केन्द्र मार्फत खुलेका वैकल्पिक विद्यालयहरुको स्तरोन्नति गरिने कार्यलाई निरन्तरता दिइनेछ।

१२. सबै विद्यार्थीका लागि सहज, सरल र न्युन शुल्कमा उच्च शिक्षा हासिल गर्ने वातावरण सिर्जना गर्दै यस नगरपालिकाका स्थायी बासिन्दा दलित, विपन्न, जेहेन्दार विद्यार्थीको अध्ययनमा प्रोत्साहन गर्न ईन्जिनियरिङ्ग, चिकित्सा विज्ञान लगायत प्राविधिक विषयमा उच्च शिक्षा अध्ययनरत विद्यार्थीलाई आवश्यकता एवम् औचित्यका आधारमा छात्रवृत्ति सहयोग कार्यक्रम लागू गरिनेछ।

१३. आफ्नो समुदायको धर्म, संस्कृति र परम्परा संरक्षण तथा सम्वर्धन गर्ने उद्देश्यले एवम् शैक्षिक गुठीबाट सञ्चालित शैक्षिक संस्थाहरुको आवश्यकता अनुसार सुदृढीकरण गर्दै लगिनेछ ।

१४. वेरोजगारी समस्या हलगर्न यसै वर्षदेखि वागमती प्रदेश सामजिक विकास मन्त्रालय HELVTAS र यस नगरपालिकाको साझेदारीमा प्राविधिक तथा व्यवसायिक शिक्षा अन्तर्गतका सहभागीले रोजेको विषयहरूमा १४० कोटामा निःशुल्क सीपमूलक १० महिनाको तालिम सञ्चालन गरिनेछ।

१५. विद्यार्थीहरूमा हाम्रो पुरात्तन संस्कृतिको जानकारी दिदैं त्यसको जगेर्नाको लागि नमूना सामुदायिक विद्यालयहरूमा संस्कृतीशाला निर्माण गरिनेछ।

## घ. युवा तथा खेलकुद विकास तर्फ

१. नगरपालिकाभित्रका युवाहरूलाई रोजगार तथा उद्यमशीलतासँग जोड्दै उत्पादकत्व अभिवृद्धि गर्न युवा तथा साना व्यवसायी स्वरोजगार कोष, युवा परिषद्, सहकारी संस्थाहरू लगायतसँग सहकार्य र साझेदारीमा युवा लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

२. नगरभित्र रहेका युवा क्लब तथा युवा समूहहरूलाई सामाजिक स्वयंसेवा, विकास गतिविधि, उत्पादनमूलक कार्य, सकारात्मक सोचको विकास, लागूऔषध तथा दुर्व्यसनी नियन्त्रण, व्यायाम तथा योग अभ्यासमा परिचालन गरिनेछ।

३. माध्यमिक विद्यालयका छात्राहरूलाई सेल्फ डिफेन्स तालिम प्रदान गरिनेछ।

४. मूलपानी अन्तराष्ट्रिय क्रिकेट मैदानको निर्माण कार्य छिटो सम्पन्न गर्न नेपाल सरकारसँग समन्वय गरिनेछ, मूलपानी क्रिकेट मैदानमा अन्तराष्ट्रिय खेल आयोजना गर्न CAN सँग सहकार्य गरी समन्वय गरिनेछ।

५. नगरपालिकालाई खेलकूद नगरीको रुपमा विकास गर्न राष्ट्रिय खेलकूद परिषद्सँग समन्वय र सहकार्य गरी नगरपालिकाभित्र रहेका पर्ति जग्गाहरूमा खेलकूद संघहरूसँग साझेदारी गरी क्रमशः खेलकूद पूर्वाधार निर्माण कार्यलाई प्राथमिकता दिईनेछ। रग्बी, भलिबल र वक्सिङ्ग संघहरूसँग भएको सम्झौता बमोजिम समयमै पूर्वाधार निर्माणको कार्य सम्पन्न गर्न आवश्यक समन्वय र सहकार्य गरिनेछ।

६. Ward to Olympic अवधारणालाई मूर्त रुप दिन खेलकूद पूर्वाधार निर्माण तथा आधारभूत विद्यालय तहदेखि विद्यार्थीहरूलाई तथा नगरपालिका भित्रका युवाहरूलाई विभिन्न खेलकूद गतिविधिमा रुची अनुसार प्रशिक्षकहरूको व्यवस्था गरी प्रशिक्षण दिई खेलाडी उत्पादन गरिनेछ।

७. नगरपालिकाभित्र खेल क्षेत्रको विकासका लागि राष्ट्रपति रनिङ्ग शिल्ड, मेयर कप लगायतका खेलकूद प्रतियोगिताहरू सञ्चालन गरिनेछ।

## ङ. स्वास्थ्य

१. सर्वव्यापी पहुँच र नागरिकको मौलिक हकको सुनिश्चित गर्न सबै वडाहरुमा गाउँघर क्लिनिक विस्तार गरी जेष्ठ नागरिकको चेकजाँच सेवा, परिवार नियोजनको सेवा, गर्भजाँच सेवा, सुत्केरी सेवाको Coverage बढाइनेछ।

२. मातृ तथा नवजात शिशु मृत्युदर न्यूनिकरण गर्न मातृ तथा नवजात शिशु स्याहार एवं उपचार सेवाको लागि “उपमेयरसंग सुत्केरी भेट कार्यक्रम” (PNC Visit) संचालन गरिनेछ ।

३. नगर अस्पताललाई भौतिक पूर्वाधार तथा आवश्यक विशेषज्ञ चिकित्सक लगायत अन्य स्वास्थ्यकर्मीहरुको समुचित व्यवस्था गरी आधारभुत तथा विशेषज्ञ स्वास्थ्य सेवा विस्तार गरिनेछ। मूलपानी नगर अस्पतालको सेवालाई विशेषज्ञ चिकित्सक र अत्याधुनिक ल्याव सहितको २४ घण्टे सेवा सञ्चालन गरिने छ।

४. मूलपानी नगर अस्पताल र विशेषज्ञ अस्पताल बिच सम्झौता गरी दीर्घ रोगीहरूलाई सहुलियत सहित सेवा सुनिश्चित गरिनेछ।

५. आवश्यकता र भूगोलका आधारमा महिला स्वास्थ्य स्वयंसेविकाको संख्या थप गरिनेछ।

६. आधारभुत स्वास्थ्य सेवाको आधार भनेकै महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रमलाई सवलीकरण गर्न स्वास्थ्य आमा समुह पुनर्जागरण कार्यक्रम संचालन गरिनेछ ।

७. खोप कार्यक्रममा गुणस्तरीयता कायम गर्न आवश्यक जनशक्तिको व्यवस्थापन गरी स्वास्थ्य शाखामा कोल्ड चेनको व्यवस्थापन गरिनेछ ।

८. स्वास्थ्यको एकिकृत तथ्यांकको गुणस्तरीय कायम गर्न EHIRRS-(Electric Health Information Recording Reporting System) को व्यवस्था गरिनेछ ।

९. गुणस्तरीय स्वास्थ्य सेवाको लागि ल्याव सेवा संचालनमा रहने स्वास्थ्य चौकी (आलापोट,गोठाटार,डाँछी) मा चिकित्सकबाट चेकजाँच सेवा दिने व्यवस्था गरिनेछ ।

१०. महिला/बालवालिका/किशोर किशोरीहरुको पोषण अवस्था सुधार गर्न लक्षित समूह बहुउद्धेश्यिय पोषण कार्यक्रम संचालन गर्ने।

११. आयूर्वेद औषधालयलाई सबलिकरण गरी आयूर्वेदका कृयाकलापलाई सबै वडाहरुमा विस्तार गरिने छ ।

१२. महिलाहरुको प्रजनन् स्वास्थ्यलाई विशेष प्राथमिकतामा राखि पाठेघरको मुखको क्यान्सर, स्तन क्यान्सर, आङ्ग खस्ने समस्याको पहिचानका लागि स्क्रिनिङ्ग गर्न उपमेयर संग महिला प्रजनन स्वास्थ्य सेवा कार्यक्रम संचालन गरिनेछ ।

१३. स्वास्थ्य सेवामा पहुँचलाई ध्यानमा राखि Telemedicine सेवाको अवधारणालाई अवलम्व गरिनेछ ।

१४. “मेयर संग जेष्ठ नागरिक विशेषज्ञ स्वास्थ्य कार्यक्रम” लाई समुदाय सम्म पुर्याई जेष्ठ नागरिकहरुको स्वास्थ्य उपचार तथा स्वास्थ्य प्रवर्धनका कार्यक्रमहरु गरिनेछ ।

१५. डाँछी स्वास्थ्य चौकीमा OTC स्थापना गरी सिघ्र कुपोषणको व्यवस्थापन गरिनेछ ।

१६. वडाहरुमा रहेका सहरी स्वास्थ्य केन्द्रको भौतिक पुर्वाधार तथा जनशक्तिको व्यवस्थापन गरी सवलिकरण गरिने छ ।

१७. “विद्यालय स्वास्थ्य कार्यक्रम” मार्फत विद्यार्थीहरुको नियमित स्वास्थ्य परिक्षण तथा स्वास्थ्य प्रवर्धनात्मक कृयाकलापहरु गरिनेछ ।

१८. आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितताको लागि “मेयर घरदैलो स्वास्थ्य कार्यक्रम” (Mayor Door to Door Health Service) मार्फत घरदैलो/समुदायमा गई सेवा प्रवाह गरिनेछ ।

१९.संक्रमण रोग विरुद्ध अभियान र नसर्ने रोगको उपचारको लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

२०.महिलाहरुमा देखिने पाठेघरको मुख क्यान्सर, स्तन क्यान्सरको निशुल्क शिघ्र पहिचान उपचार कृयाकलापलाई निरन्तरता दिईनेछ ।

## च. रोजगार तर्फ

१. श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नाराको साथ मर्यादित रोजगारीको अवसरहरु सिर्जना गर्न यस नगरपालिकाबाट विभिन्न क्षेत्रमा हुने श्रममुलक कार्यहरुमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत काम गर्न इच्छुक भई सूचीकृत भएका लाभग्राहीहरुलाई प्राथमिकतामा राखी सोही किसिमको रोजगारी सिर्जना हुने खालको योजनाहरु छनौट गरि काममा लगाइनेछ ।

२. उत्पादनशिल रोजगार सिर्जना र श्रम बजारको माग अनुसारको सीपयुक्त जनशक्ति उत्पादन गर्ने उद्देश्यले विभिन्न तालिम प्रदायक संस्था, निजि क्षेत्रसँगको समन्वय र सहकार्यमा विभिन्न सिपमुलक तालिमको व्यवस्था गरिनेछ ।

३. सूचीकृत बेरोजगारीहरुलाई न्युनतम १०० दिनको रोजगारी सुनिश्चित गर्न नगरपालिकाले आवश्यक म्याचिङ फण्ड समेत व्यवस्था गरि न्युनतम रोजगारी सुनिश्चित गरिनेछ ।

४. बैदेशिक रोजगारीको शिलशिलामा बैदेशीक रोजगारमा जाने व्यक्तिहरुको श्रम स्वीकृती र श्रम नविकरण सेवा लाई थप प्रभावकारी र लाभग्राही मैत्री बनाईने छ ।

५. स्वदेशमै रोजगारीको अवसर प्रदान गर्नको लागि परम्परागत रुपमा सञ्चालित उद्योगहरुको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्न मेशिनरी प्रतिस्थापन प्रविधि सुधार र पुर्वाधार निर्माण जस्ता कार्यमा नगरपालिकाले विशेष सहयोग गर्नेछ ।

६. औद्योगिक प्रवर्द्धन पुर्वाधार एवं मानव संशाधन विकास र असल औद्योगिक सम्बन्ध कायम गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने उद्धेश्यले विभिन्न क्षेत्रमा काम गर्न इच्छुक युवाहरुको समुह बनाई निजहरुको सिप, क्षमता र दक्षता अनुसारको तालिम प्रदान गरि विभिन्न उद्योगहरुमा न्युनतम रोजगारीको सिर्जनाको लागि प्रोत्साहन गरिनेछ ।

## छ. सामाजिक सुरक्षा तथा घटना दर्ता

१. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै जेष्ठ नागरिकहरुलाई नेपाल सरकारका विभिन्न निकायबाट नियमित तलब ,भत्ता, पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा प्राप्त गरे वा नगरेको कुराको पहिचान गरी दोहोरो सेवा सुविधा लिएको पाइएमा लगत कट्टा गरिनेछ ।

२. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने ६८ वर्ष माथिका सबै जेष्ठ नागरिकहरुलाई चाडवाड खर्च वापत एक हजार रुपैया वर्षको एक उपलब्ध गराइनेछ ।

३. हरेक आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता वितरण सम्बन्धी लाभग्राहीहरुको परिचयपत्र अनिवार्य नवीकरण गर्नुपर्ने व्यवस्था विगतमा जस्तो नवीकरण गर्नेहरुको नाम छुट हुन नदिन सबै वडाहरुमा सामाजिक सुरक्षा लाभग्राही भत्ता परिचयपत्र नवीकरण शिविर सञ्चालन गरिनेछ ।
४. सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतनामूलक कार्यक्रम सबै वडाहरूमा सञ्चालन गरिनेछ।
५. सूचना तथा प्रविधिको अधिकतम प्रयोग गरी सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी पहुँच अभिबृध्दि गरिनुका साथै सामाजिक सुरक्षा लाभग्राहीहरुको तथ्यांक अभिलेखीकरणलाई भरपर्दो विश्वसनिय र चुस्त दुरुस्त बनाउन अनलाईन सफ्टवेयर प्रयोगको प्रभावकारिता बढाइने छ ।नगरपालिका तथा वडाबाट हुने व्यक्तिगत हुने घटना दर्ताका कार्यहरू पूर्ण रुपमा बिधुतिय सूचना प्रविधिमा आधारित बनाईनेछ।
६. अटिजम भएका बालबालिकाहरूको पहिचान गरी शिक्षा र स्वास्थ्यमा पहुँच सुनिश्चितता गर्दै सामाजिक सुरक्षा भत्तामा आबद्ध गराइनेछ ।

**ज. महिला, बालवालिका तथा सामाजिक समावेशीकरण**

१. लैंगिक समानता तथा सामाजिक समावेशीकरण संस्थागत गर्दै समावेशी विकासको प्रवर्द्धन गर्न लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गरीनेछ ।
२. महिलाहरुको सशक्तिकरण तथा समावेशीकरणका लागि संस्थागत सहभागिता अभिबृद्धि गर्दै क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ । लक्षित वर्गको लागि लोक सेवा तयारी कक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
३. उद्यम व्यवसायमा संलग्न महिला व्यावसायीहरुको व्यवसाय प्रवर्धनका लागि व्यावसायिक महिला समुह निर्माण तथा व्यवसाय स्थापना तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।
४. लैंगिकतामा आधारित सबै प्रकारका हिंसालाई दुरुत्साहन गर्न र हिंसा पीडित तथा प्रभावित महिला तथा किशोरीहरुलाई सहज तथा दिर्घकालिन पुनर्थापनाका कार्यक्रम संचालन गरिनेछ ।
५. ज्येष्ठ नागरिकलाई सम्मान: सम्मानित ज्येष्ठ नागरिक हाम्रो अभियान अन्तर्गत सबै ज्येष्ठ नागरिक संलग्न संस्थाहरुलाई सक्रिय बनाउदै ज्येष्ठनागरिक दिवा सेवा केन्द्र संचालन, ज्येष्ठ जागरिक सम्मान तथा सीप हस्तान्तरणका कार्यक्रम संचालन गरिनेछ ।
६. अपाङ्गता भएका व्यक्तिहरुको सम्मानित तथा सहज जीवनयापनका लागि परिवार तथा समुदाय सचेतिकरण कार्यक्रम तथा अपाङ्गता संरक्षण तथा सम्बर्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।

७. बालश्रम न्यूनिकरण, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरको उद्दार तथा संरक्षण गर्नु साथै बालबिलकाहरुको सवाल बालबालिका नै जवाफ भन्ने नाराका साथ बालसमुह संस्थालाई सक्रिय बनाई बाल संरक्षण सम्वर्धन गर्नुका साथै बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

८. जनजातिहरूको भाषा, लिपि र सँस्कृतिको जगेर्ना गर्दै आदिवासी जनजाति हकहित संरक्षण र प्रवर्द्धनमा जोड दिइनेछ ।

९. दलित समुदाय लक्षित सिप विकास, उद्यमशीलता विकास, क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ । नगरपालिकाभित्र दलित समुदायले परम्परागत रुपमा गर्दै आइरहेको पेशाको निरन्तरता, आधुनिकीकरण एवं स्वरोजगार मूलक तथा सिपमूलक कार्यक्रमको लागि आवश्यक पहल गरिनेछ।

**झ. पर्यटन**

१. कागेश्वरी मन्दिरलाई कागेश्वरी धामको रुपमा विकास गर्न DPR तयार गरी कार्यान्वयन गरिनेछ ।

२. नगरपालिकाभित्र रहेका धार्मिक मठ मन्दिर, धार्मिक स्थल, पर्यटकिय स्थल, पार्क, सामुदायिक वन, खेल मैदान, होम स्टे, विभिन्न समुदायका जात्रा पर्व, भेषभुषा आदिको विभिन्न निकायको समन्वय र सहकार्यमा प्रवर्धन विकास र संरक्षण मार्फत पर्यटन विकास गरिनेछ ।

३. पर्यटकीय सेवा सुविधा सम्पन्न गोकर्ण फरेष्ट रिसोर्ट तथा अन्तराष्ट्रियस्तरको गल्फकोर्स रहेको गोकर्ण वन, निर्माणाधिन ODI मान्यता प्राप्त अन्तराष्ट्रियस्तरको मुलपानी क्रिकेट मैदानलाई सम्पन्न गर्न, नगरपालिका भित्र पर्ति जग्गाहरूमा रग्बी, भलिबल र बसिङ्गको लागि आवश्यक पूर्वाधार निर्माणको पहल गरी खेल पर्यटनको नगरीको रुपमा विकास गरिनेछ ।

४. प्रसिद्ध पर्यटकीय स्थल कागेश्वरी महादेव मन्दिर नवतनधाम श्रीकृष्ण मन्दिर, सोमलिङ्गेश्वर महादेव मन्दिर सोमतिर्थ महादेव, मन्दिर कोलमतेश्वरधाम आदिको संरक्षण र सम्वर्द्धन गर्दै यस नगरपालिकालाई धार्मिक पर्यटन नगरीको रुपमा विकास गरिनेछ ।

५. कागेशवरी मन्दिरलाई कागेश्वरी धामको रुपमा विकास गर्न DPR तयार गरी कार्यान्वयन गरिनेछ ।

६. प्रसिद्ध पर्यटकीय स्थल कागेश्वरी महादेव मन्दिर, नवतनधाम श्रीकृष्ण मन्दिर ,सोमलिङ्गेश्वर महादेव मन्दिर, सोमतिर्थ महादेव मन्दिर, कोलमतेश्वरधाम आदिको संरक्षण र सम्वर्द्धन गर्दै यस नगरपालिकालाई धार्मिक पर्यटन नगरीको रुपमा विकास गरिनेछ ।

७. पर्यटनको माध्यमबाट नगरपालिकाको आर्थिक सम्वृध्दिका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्थानीय तहहरूसँग भगिनी सम्वन्ध कायम गरिनेछ ।

८. नगरपालिकाको पर्यटकिय नक्शा निर्माण गरिनेछ ।

९. तामाङ होमस्टे तथा संग्रालयको निर्माण गर्ने, नेवारी भाषा, साहित्य, संस्कृति झल्काउने संग्रालयको निर्माण गरिनेछ।

१०.ग्रामिण पर्यटनको विकास एव प्रवर्धन गर्ने ।

**ञ. उद्यमशिलता प्रबर्द्धन**

१. नगर भित्र उद्यमशीलता विकास गरी गरिवी निवारणका गर्न लघु उद्यमी सिर्जना, सिप, स्तरोन्नती तालिम तथा प्रविधि हस्तान्तरण, रुग्ण अवस्थामा रहेका उद्यमी पहिचान गरी पुर्नउत्थानका लागि सहजिकरण गरिनेछ।
२. नयाँ तथा पुराना उद्यमीहरूद्वारा उत्पादित सामाग्रीको लेवलिङ्ग, ब्रान्डिङ्ग, प्याकेजिङ्क तथा बजारीकरण मा सहयोग र वित्तीय पहुचका लागि वाणिज्य बैंक तथा सहकारी संस्थाहरूसँग Linkage गराइनेछ।
३. उदीयमान प्रविधिको विकास र नवप्रर्वतनमा युवा सहभागिता गराई रोजगारी तथा स्वरोजगारी बढाईनेछ।
४. उद्यमशीलताको दिगो विकासका लागि कोशेली घर एवं Incubation Centre संचालन गरिनेछ।
५. कानून बमोजिम स्थानीय मदिरालाई प्रोत्साहन गर्ने, सो को गुणस्तरियता निर्धारण गर्ने र ब्राण्डिङ्ग गर्ने नीति लिईनेछ ।स्थानीय मदिरा प्रवर्धन गर्न संघीय सरकारलाई आवश्यक कानून निर्माणको लागि अनुरोध गरिनेछ।

ट. सहकारी

१. सहकारी मूल्य, मान्यता, सिद्धान्त, विधि र पद्धतिका आधारमा सहकारी संस्थाहरुको संचालन प्रवर्द्धन, एकीकरण (Merge) तथा नियमन गरिनेछ।
२. नगरक्षेत्रभित्रका सबै सहकारी संस्थाको अभिलेख अद्यावधिकरणका लागि वर्गिकृत रुपमा COPOMIS मा आधारित मासिक/चौमासिक/वार्षिक प्रतिवेदन प्रणाली लाई संस्थागत गरिनेछ।
३. एक सहकारी एक व्यवसाय नीति कार्यान्वयनका लागि सहकारी शाखाबाट योजना तर्जुमा तथा प्रर्वद्धनात्मक कार्यक्रममा सहजीकरण गरी उद्यमशिलता प्रवर्धनमा सहकारीले लगानी गर्ने र उद्यमीलाई नगरपालिकाले साझेदारी मोडलमा व्याज अनुदान दिने कार्यक्रम, सिप तालिम तथा प्रविधि सहयोग मार्फत उद्यमशीलता कार्यक्रम संचालनमा ल्याइनेछ।
४. सहकारी संस्थासँगको साझेदारीमा उत्कृष्ट अभ्यास अनुकरणमा सहजिकरण गरिनेछ।
५. सहकारी संस्थामा सुशासन कायम गर्न र बचतकर्ता र संस्था विचको सदासयतापूर्ण विश्वास र सम्बन्ध स्थापनाका लागि ऋण व्यवस्थापन तथा PEARLS लगायतका तालिम प्रदान गरिनेछ।

६. नमुना सहकारी संस्था स्थापना कार्यक्रमलाई Pilot कार्यक्रमका रुपमा शुरुवात गरिनेछ।

## ठ. भू-उपयोग

१. भुउपयोग ऐन, २०७६ तथा भुउपयोग नियमावली, २०७९ अनुसार नगरपालिका भित्रका जग्गाको वर्गिकरणको कार्यलाई अन्तिम रुप दिईनेछ ।
२. नगरक्षेत्र भित्रका सार्वजनिक पर्ति जग्गाको संरक्षण गरी सरकारी स्वामित्वमा रहेका जग्गा जमीनमा भएको अतिक्रमण बन्द गर्ने तथा अनाधिकृत रुपमा निर्माण गरिएका भौतिक संरचना हटाइनेछ ।

## ड. खानेपानी तथा सरसफाई

१. आगामी ४ वर्ष भित्र हरेक नगरवासीको घरमा एक घर एक धारा अभियान अन्तर्गत स्वच्छ खानेपानी उपलव्ध गराउन काँडाघारी खानेपानी आयोजना यसै वर्षभित्र सम्पन्न गरिनेछ। डाँछी भद्रवास खानेपानी आयोजना र गोठाटार भैमाल खानेपानी आयोजना समयमा सम्पन्न गर्न पहल कदमी लिईनेछ।
२. दिगो विकासका लक्ष्य SDGs ६.१ र ६.२ मा उल्लेख भए बमोजिम सबैका लागि सफा पानी तथा सरसफाईमा पहुँच सुनिश्चित गर्नु N-WASH PLAN को तयारीमा नगरपालिकाको तर्फबाट आवश्यक समन्वय र सहयोग गरिनेछ ।
३. बढ्दो शहरीकरण र शुद्ध खानेपानीको अभावलाई मध्यनजर गर्दै बर्षाते पानी संकलन तथा शुद्धिकरणका विधिहरुलाई प्रोत्साहन गरिनेछ ।
४. खानेपानी मुहान संरक्षण गर्न र स्वच्छ राख्न स्थानीय समुदायलाई प्रोत्साहित गरिनेछ ।
५. नगरपालिकाभित्र संचालनमा रहेका खानेपानी व्यवस्थापन समितिहरुलाई व्यवस्थित ढंगले संचालन गर्नको लागि नगरस्तरिय खानेपानी वोर्ड गठन गरी कार्यान्वयन गरिनेछ ।
६. सवै वडाहरुमा स्वच्छ खानेपानी सरसफाई सम्वन्धि जनचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।
७. परापूर्व कालदेखि जलस्रोत भण्डारका रुपमा रहि आएका ढुङ्गेधारा, पोखरी, कुवा र इनार संरक्षण गरिनेछ ।
८. वडा नं. १ कागेश्वरीमा रहेको जलभण्डारलाई व्यवस्थित गरी जलाशय निर्माण गर्न सम्भाव्यता अध्ययन गर्ने र नगर भित्रको एकीकृत खानेपानी संचालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।
९. विद्यालय, कलेज, सहकारी, जस्ता बढी संख्यामा सदस्य वा कर्मचारी भएका संस्थालाई सरसफाईका काममा सहभागिता र नेतृत्व दिलाउने कार्य गरिनेछ ।
१०. भूमिगत जल भण्डारलाई कायम राख्नका लागि वर्षादको पानी संकलन गर्ने तथा जमिन भित्र पठाउने उपयूक्त प्रविधिको अध्ययन गरी कार्यान्वयन गर्न प्रोत्साहन गरिने छ।

११.सार्वजनिक स्थलहरुमा पोखरी निर्माण गर्ने तथा परम्परागत पोखरीहरुको संरक्षण गरिनेछ।

## ढ. गैर सरकारी संघ संस्था

१. नगरपालिकाभित्र कार्यक्षेत्र बनाएर काम गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैह्रसरकारी संस्थाहरूलाई नगरपालिकाको छाताभित्र एकीकृत गरिनेछ ।

२. नगरपालिकाको नीति तथा कार्यक्रमसँग मेल नखाने, कार्यक्रम सञ्चालनको पूर्व स्वीकृति नलिएका तथा नगरपालिकासँग समन्वय नगरी कार्यक्रम सञ्चालन गर्ने गै.स.स.लाई नगरक्षेत्रमा काम गर्न पूर्ण रुपमा रोक लगाइनेछ । कुनै पनि गै.स.स.ले नयाँ योजना छनोट गर्दा वस्ती तथा वडास्तरबाट सिफारिस गरिएका योजनालाई उच्च प्राथमिकता दिनुपर्ने व्यवस्था गरिनेछ ।

३. गैह्रसरकारी र सामाजिक संघ संस्थाबाट माग भई आएका कार्यक्रम कार्यान्वयनका लागि लक्षित क्षेत्र समेट्न सक्ने प्रस्तावलाई पहिलो प्राथमिकता दिइने छ ।

४. नगरपालिकाको समग्र समृद्धि हासिल गर्नका लागि विकासका लागि हातेमालो अभियान सञ्चालन गरेर शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार विकास र फोहोरमैला व्यवस्थापन लगायतका क्षेत्रहरूमा गैह्रसरकारी संस्थाको समन्वयलाई अगाडि बढाइने छ ।

५. गै.स.स.बाट भएका कामको अनुगमनको प्रबन्ध मिलाईने तथा प्रगति समीक्षा अनिवार्य गराइनेछ ।

६. अन्यत्र दर्ता भई बालगृह संचालन गर्ने गैह्र सरकारी संस्थालाई नगरपालिकाभित्र अनिवार्य रुपमा दर्ता गरेर मात्र बालगृह संचालन गर्न दिईनेछ ।बालगृह नियमित अनुगमन गरी मापदण्ड बमोजिम संचालन गर्न लगाईनेछ।

## ण. पूर्वाधार विकास

### १. सडक - पुल

१. सडक दुर्घटना कम गरी आवगमनलाई सहज बनाउन नगरपालिका भित्रका सडकलाई खाल्डा खुल्डी रहित बनाउन तत्काल काम गर्ने गरी सवारी (maintenance vehicle) को व्यवस्था गरिनेछ ।

२. शहरी सौन्दर्य अभिबृद्धि गर्न सडक पेटीमा बृक्षारोपण, रंगरोगन र अव्यवस्थित विजुली तथा केबलका तारहरू हटाइने कार्य गरिनेछ। दैनिक सडक सरसफाई गरी धुलो नियन्त्रण गरिनेछ।

३. साईड क्लियर भएका, विवाद नभएका, डिपिआर भएका, गुरुयोजना तयार भएका, सम्भाव्यता अध्ययन भएका योजनालाई प्राथमिकता दिई कार्यान्वयन गरिनेछ।

४. नगरक्षेत्रभित्र उपभोक्ता समिति मार्फत सञ्चालन हुने निर्माण आयोजनाको हकमा आयोजनाको प्रकृति र आयोजना सञ्चालन हुने क्षेत्रका आधारमा लागत सहभागिताको प्रतिशत निर्धारण गरि कार्यान्वयनमा ल्याइने छ ।

५. निर्माण आयोजनासँग सम्बन्धित उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना सञ्चालन गर्नु पुर्व योजना सञ्चालन सम्बन्धि विषयमा अनुशिक्षण गरिनेछ ।

६. नगरपालिका क्षेत्रको master plan, land use plan, periodic plan, sectoral plan तयार गरेर सोही master plan को आधारमा योजना / कार्यक्रम तयार गरेर कार्यान्वयन गरिनेछ ।

७. वडास्तरबाट छनौट भई सिफारिस भएर आएका नगरस्तरीय योजनाहरूलाई प्राथमिकता एवं सम्भाव्यता अध्ययन र लाभान्वित वर्गका आधारमा दीर्घकालिन रुपमा प्रभाव पार्ने योजनाहरुलाई छनोट गरी कार्यान्वयन गर्दै जाने नीति लिइनेछ ।

८. दिगो रोजगारमुलक एकीकृत गुणस्तरीय पूर्वाधार निर्माणमा विशेष जोड दिइनेछ।

९. नगरपालिकाबाट सडक विस्तार तथा निर्माणका क्रममा कुनै जग्गा धनीको नाममा रहेको जग्गा सडक विस्तार हुनु अघि मापदण्डको क्षेत्रफल भएपनि सो सडक निर्माण पछि उक्त जग्गाको मापदण्ड नपुग भएपनि उक्त जग्गामा नक्सा पास गर्दा मापदण्डमा छुट दिईने नीति लिइने छ ।

१०.कागेश्वरी चक्रपथको विस्तारमा परेका जग्गा रोक्का रहेकोमा उक्त जग्गाका जग्गाधनीले सडकमा परेको जग्गाको लगत कट्टा गरी बाँकी जग्गाको पुर्जा लिन नगरपालिकामा निवेदन दिएमा निजको निवेदन वमोजिम बाटोको लगत कट्टा गरी जग्गाको रोक्का फुकुवा गर्न मालपोत तथा नापी कार्यालय साँखुलाई सिफारिस उपलव्ध गराईनेछ ।

११.सार्वजनिक पूर्वाधार निर्माण गर्दा वालमैत्री तथा अपाङ्गमैत्री पूर्वाधार निर्माण गरिनेछ ।

## २. भवन निर्माण तथा शहरी विकास

१. नगरपालिकाको स्वीकृत जग्गा विकास मापदण्ड कार्यान्वयन गरी व्यवस्थित शहर निर्माण गरिनेछ।

२. पूर्वी उपत्यका नयाँ शहरी विकास आयोजना निर्माणको लागि आवश्यक नीतिगत विषयहरू टुङ्गाई निर्माणको कार्य सुरु गरिनेछ।

३. भवन शाखाको सेवालाई पूर्ण रुपमा सूचना प्रविधिमा आधारित गरी EBPS प्रणालीलाई Digital Signature सँग आवद्ध गरी पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। भवन निर्माण सम्बन्धी सम्पूर्ण चरण तथा राजश्व सम्बन्धी जानकारी SMS प्रणाली मार्फत सम्बन्धी घरधनीलाई दिईनेछ। यस अघिका अभिलेखहरूलाई Digital Signature सहित विद्युतीय अभिलेखीकरण गरिनेछ।

४. घरको नक्सा पास गर्ने कार्यलाई नगरवासीमैत्री बनाई सहज र सरल तरिकाले सम्पन्न गराउने व्यवस्थाका लागि Help Desk लाई थप व्यवस्थित गरिनेछ ।

५. नगरपालिका क्षेत्र भित्र भवन निर्माण गरी निर्माण सम्पन्न पत्र लिनु अघि अनिवार्य रुपमा Re-charge pit र २ वटा बिरुवा रोपे पछि मात्र निर्माण सम्पन्न प्रमाण पत्र उपलब्ध

गराईनेछ । साथै सरकारी भवन, विद्यालय, स्वास्थ्य भवन निर्माण गर्दा DPR मा नै Re-charge pit, Rain Water Harvesting र बिरुवा रोप्ने कार्य समावेस गरी अनिवार्य रुपमा कार्यान्वयन गरिने छ ।

६. यस नगरपालिकाबाट नगरपालिका घोषणा हुनु भन्दा अगाडि भएको मापदण्डलाई आधार मानी निर्माण भएका घर, नगरको मापदण्ड लागु भई सडक विस्तार गर्दा घर भत्केको अवस्थामा सो घरको मुआब्जा सरकारीस्तरबाटै उपलब्ध गराउन सम्बन्धित निकायमा नियमानुसार सिफारिस गर्ने नीति अवलम्बन गरिनेछ। साथै भूकम्प पीडितहरूको नक्सा पास सम्बन्धमा अंशियारभित्रका कुनै सदस्यका नाममा जग्गा धनी कायम भएको तर सो जग्गामा अंशियारले हक प्राप्त गर्ने जग्गा भएमा त्यस्तो जग्गामा जुन अंशियारले घर निर्माण गर्न लागेको छ उसैका नाममा नक्सा पास गर्दा हाल ठहरिए बमोजिमका अंशियारहरूले वडामा उपस्थित भई मञ्जुरीनामामा सहिछाप गरीदिएमा सम्बन्धित निवेदकका नाममा नक्सा पास हुने व्यवस्था मिलाइनेछ ।

७. घर निर्माण सम्पन्न लिन आउँदा सेप्टी ट्याङ्की र सोकपीट निर्माणको प्रमाण तथा बातावरण सन्तुलनको लागि २ वटा विरुवा रोपे पश्चात मात्र निर्माण सम्पन्न प्रदान गरिनेछ। साथै फोहोर मैला बर्गीकरणका लागि अनिवार्य रुपमा कन्टेनर राखिने घरलाई मात्र भवन निर्माण सम्पन्न प्रमाणपत्र दिइने नीति लिइनेछ।

८. बागमती नदीको दायाँ बायाँ गरेको र मनोहरा खोलाको दायाँ बायाँ निर्माण हुने ढलमा यस नगरपालिका क्षेत्रको ढल जोड्नको लागि सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय गरिनेछ।

९. नयाँ वडा कार्यालयहरू निर्माण गर्दा ICT Lab सहितको Municipal Service center को रुपमा प्रयोग हुने गरी निर्माण गरिनेछ ।

## त. सूचना तथा सञ्चार

१. कागेश्वरी मनोहरा नगरपालिकाबाट प्रवाह हुने सार्वजनिक सेवामा सूचना तथा संचार प्रविधिको उच्चतम उपयोग गरी विद्युतीय सुशासन प्रवर्धन गरिनेछ। नगरपालिकाको सेवाहरू टोकन प्रणालीमा आधारित बनाइनेछ।

२. सूचना प्रणालीको अवलम्बन गर्दै सुशासनको व्यवस्था कायम गर्न नगरपालिकाको ICT Masterplan तर्जुमा गरिनेछ। नगरपालिकाको सेवा मोबाईलबाट उपलब्ध गराउन KAGESHWORI MANOHARA IN YOUR MOBILE सेवा सुरु गरिनेछ। नगरपालिकाको सबै सेवाहरूको जानकारी SMS मार्फत अपडेट गराईनेछ।

३. नगरपालिकाबाट भए गरेका गतिबिधिहरु नगरबासी माझ चुस्त रुपमा प्रवाह गर्न नगरपालिकाको वेवसाईट, सामाजिक सञ्जाल र मोबाइल एपको प्रयोग गरी सूचनाको गुणस्तरीयता र विश्वनीयता कायम गरिनेछ।

४. उज्यालो नगर कार्यक्रम अन्तर्गत नगर क्षेत्रका मुख्य सडकमा रात्रिकालीन समयमा पनि आवागमनलाई सहज पार्न सडक वत्ती र यस नगरलाई सुरक्षित नगर बनाउन सबै टोलहरूमा सी.सी.टी.भी. को विस्तार गरिनेछ।

फ. **वातावरण तथा हरियाली प्रवर्धन**

१. सार्वजनिक जग्गा संरक्षण गरी पार्क तथा खेलकुद मैदानको रुपमा विकास गरिने छ ।

२. विभिन्न क्षेत्रमा एकल प्रयोग हुने चालिस माइक्रोन भन्दा पातलो प्लास्टिकका झोलाको उत्पादन, विक्रि वितरण तथा प्रयोगमा रोक लगाइनेछ। प्लास्टिकको झोलाको प्रयोग न्युनिकरण गर्दै लगिनेछ, यसको विकल्पको रुपमा स्थानीय स्तरमा उत्पादन हुने फाइबर व्यागलाई प्रोत्साहन गरिनेछ।

३. उद्योगहरुको स्वीकृत EIA/IEE प्रतिवेदन बमोजिम वातावरणीय प्रभावहरु न्युनिकरण गर्नका लागि आवश्यक उपायहरु पालना गरे नगरेको बिषयमा नियमित अनुगमन गरिने छ।

४. विभिन्न दिवसहरूमा वृक्षारोपण गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ।

५. महादेव खोला र मनोहरा खोला लगायत खहरेहरु राजकुलो संरक्षणमा आवश्यक क्रियाकलापहरू सञ्चालन गरिनेछ।

६. वृक्षारोपण तथा सहकार्य सम्बन्धमाः यस नगरपालिकाको नगर क्षेत्रभित्र फूटपाथ लगायतका क्षेत्र मा व्यापक रूपमा वृक्षारोपण कार्य गर्ने र बिरुवाको उपलब्भतालाई जिल्ला बन कार्यालय संग सहकार्य गर्ने, खाडल खन्न नगरपालिका बाट budget उपलब्ध गराउने, पहिरो नियन्त्रण, खोला नियन्त्रण, सार्वजनिक जग्गाको संरक्षण (तारबार तथा compound wall) , आश्रयस्थल निर्माण लगायत को विपद संग सम्बन्धित कार्य गर्न विभिन्न सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अंतर्राष्ट्रिय संघ संस्थाहरु र काठमान्डौ, ललितपुर महानगरपालिकाहरु संग समेत सहकार्य र समन्वय गरि विपद ब्यबस्थापनमा जोड दिइने ।

ब. **फोहरमैला व्यवस्थापन**

१. "कागेश्वरीको फोहोर कागेश्वरी मै व्यवस्थापन" कार्यक्रम संचालन गर्न फोहोरमैला व्यवस्थापन कार्यलाई वातावरणीय हिसाबले उपयुक्त, प्रभावकारी रुपमा व्यवस्थापन गर्न फोहोर संकलन, वर्गीकरण, ढुवानी, प्रशोधन, पुनः प्रयोग तथा अन्त्य गर्न सामुदायिक/नीजि क्षेत्रसँग ईन्टिग्रेटेड मोडलमा सहकार्य गरी व्यवस्थित गरिनेछ। सो व्यवस्थापन नभएसम्म नगरपालिकामा फोहोरमैला संकलन व्यवस्थापन कार्यमा संलग्न संघ संस्थाहरुको कार्यलाई व्यवस्थित गरिनेछ।

२. फोहोरमैला व्यवस्थापन यस नगरपालिकाको प्रमुख वातावरणीय समस्याका रुपमा रहेकोले नदीमा ढल मिसाउने कार्यलाई निरुत्साहित गरिनेछ । फोहोरमैलाको उत्पादनमा कमी (Reduce), प्रशोधन (Recycle) र पुनःप्रयोग (Reuse) लगायतका कार्यलाई टोल र वडादेखि

नै प्रोत्साहित गरी वैज्ञानिक र व्यवस्थित फोहोरमैला सङ्कलन र व्यवस्थापनको कार्यलाई अगाडि बढाइनेछ । यस कार्यमा टोल विकास समिति, महिला समूह लगायत सामाजिक संघ-संस्थाको सहभागिता र सक्रियतालाई प्रोत्साहित गरिनेछ ।

३. नगरपालिका क्षेत्रभित्र रहेका स्वास्थ्य संस्थाहरूबाट निस्कने चिकित्साजन्य फोहोरमैला वैज्ञानिक ढंगले व्यवस्थापन गर्न नेपाल सरकार र प्रदेश सरकारसँग सहकार्य गरिनेछ। स्वास्थ्यजन्य फोहोरहरूलाई निर्मुलीकरण गर्ने प्रविधि सबै स्वास्थ्य संस्थाहरूमा उपलब्ध गराइनेछ।

४. नगर क्षेत्रमा घरहरुबाट उत्पादन हुने फोहोरलाई सुरु तहमा नै बर्गीकरण गरी कुहिने र नकुहिने फोहोर अलग अलग डस्टबिनमा राख्न अनिवार्य गरिनेछ।टोल विकास समितिहरूसँग सहकार्य गरी जैविक फोहोरबाट प्राङ्गारिक मल उत्पादन गर्न तालिम, प्रविधि तथा सामाग्री हस्तान्तरण कार्यक्रम सुरुवात गरिनेछ।

५. नगरपालिकाभित्र संकलन भएका फोहोरहरू लगायत दिसा एवम् लेदोजन्य फोहोरहरू संकलन गरी प्रशोधन गर्ने, आधुनिक प्रविधियुक्त वातावरणीय हिसाबले उपयुक्त संकलन एवम् प्रशोधन केन्द्रको सम्भाव्यता/वातावरणीय अध्ययन गरी निर्माण गरिनेछ।

६. फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाउन फोहोरमैला संकलन तथा प्रशोधनमा सूचना प्रविधिको प्रयोग एवम् नव प्रवर्तनलाई प्रोत्साहित गरिनेछ।

भ. विपद् /प्रकोप व्यवस्थापन

१. नगरपालिका क्षेत्रको विपद जोखिम क्षेत्रको पहिचान र नक्साङ्कन तयार गरी कार्यान्वयन गरिनेछ। बाढी र पहिरो जस्ता प्राकृतिक प्रकोपहरूका लागि प्रारम्भिक चेतावनी प्रणाली विकास गर्न सम्बन्धित निकायहरूसँग समन्वय गरी आवश्यक सूचना प्रणाली क्रमशः विकास गरिनेछ।

२. निकासी र आश्रय व्यवस्थापनः विपद्बाट प्रभावित जनताहरूलाई सुरक्षित उद्धार गरी सुरक्षित स्थानमा स्थानान्तरण गर्न आवश्यक पूर्व तयारी गरिनेछ।साथै विपद् सम्भाव्य स्थानहरूको पहिचान गरी पूर्वाधार निर्माण गरी जोखिम न्यूनीकरण गरिनेछ, साथै आवश्यकता अनुसार विपद् सम्भाव्य बसोबासलाई सुरक्षित स्थानमा स्थानान्तरण गरिनेछ। विपद् जोखिम न्यूनीकरणको लागि अभ्यासहरू सञ्चालन गर्ने, सञ्चार प्रोटोकलहरू स्थापना गर्ने, र आवश्यक स्रोत र उपकरणहरूको उपलब्धता सुनिश्चित गरी नगर प्रहरी, स्काउट, नेपाल रेडक्रस लगायत संस्थाहरू परिचालन गरिनेछ।

३. सामुदायिक संलग्नता र जागरूकताः विपद् जोखिम, पूर्वतयारी उपायहरू, र उपयुक्त प्रतिक्रिया कार्यहरू बारे जनतालाई शिक्षित गर्न सचेतना अभियानहरू र प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने। सामुदायिक सहभागितालाई प्रोत्साहित गर्ने र स्थानीय विपद् व्यवस्थापन समितिहरू स्थापना गर्ने।

४. पुनःप्राप्ति र पुनर्निर्माणः स्रोतको बाँडफाँड, पूर्वाधारको पुनर्निर्माण र प्रभावित समुदायहरूलाई सहयोग उपलब्ध गराउने लगायत विपद्पछिको पुनःनिर्माण र पुनर्निर्माणका लागि

रणनीतिहरू विकास गर्ने। यसमा अन्तर्राष्ट्रिय संस्थाहरूसँग साझेदारी र विभिन्न स्रोतहरूबाट विपद् जोखिम न्यूनीकरण कोष खडा गरिनेछ।

५. भूकम्पको पूर्व-तयारीः यस नगरपालिकाभित्र निर्माण हुने सबै भवनहरू भवन मापदण्ड बमोजिम मात्र निर्माण अनुमती प्रदान गरिनेछ। भूकम्प प्रतिरोधी निर्माण अभ्यासहरू प्रवर्द्धन गर्ने, विपद्बाट पीडितहरूलाई अस्थायी बास, खाना, पानी र चिकित्सा स्रोतहरू जस्ता आपतकालीन आपूर्तिहरूको उपलब्धता सुनिश्चितता गरिनेछ।

६. बाढी व्यवस्थापनः बृहत् बाढी व्यवस्थापन योजनाहरू विकास गर्दै, विशेष गरी मनसुनको मौसममा बाढीको जोखिम हुने क्षेत्रहरूका लागी ढल निकास प्रणाली सुधार गर्ने, अवरुद्ध जलमार्गहरू सफा गर्ने, र बाढी प्रवल क्षेत्रहरूको लागि प्रारम्भिक चेतावनी प्रणालीहरू स्थापना गर्ने ।

७. पहिरो न्यूनीकरणः पहिरोको जोखिममा रहेका क्षेत्रहरूको पहिचान गरी जोखिम न्यूनीकरणका उपायहरू कार्यान्वयन गर्ने । यसमा ढलान स्थिरीकरण प्रविधिहरू, वनीकरण कार्यक्रमहरू, र पहिरोको पूर्व चेतावनी प्रणालीहरू समावेश गर्ने ।

८. जनचेतना र शिक्षाः बासिन्दाहरूलाई प्रकोपका जोखिमहरू, निकासी प्रक्रियाहरू, र आपतकालीन सम्पर्क जानकारीको बारेमा शिक्षित गर्न व्यापक जनचेतना अभियानहरू सञ्चालन गर्दै कार्यशाला, सेमिनार, सामाजिक सञ्जाल अभियान, र सामुदायिक संलग्नता कार्यक्रमहरू मार्फत गर्ने ।

९. आपतकालीन सेवाहरूको सुदृढीकरणः अग्नी नियन्त्रण सम्बन्धमा कर्मचारी, विद्यार्थी, शिक्षक र टोल विकास समितिका पदाधिकारीहरूलाई तालिम दिने, आवश्यक उपकरण र स्रोतहरू उपलब्ध गराउने र आपतकालीन सेवा प्रदायकहरू बीच प्रभावकारी सञ्चार सञ्जाल स्थापना गर्ने ।नगर प्रहरी, नेपाल प्रहरी र सामुदायिक संस्थासँग सहकार्य अभिवृद्धि गरी नगरपालिकामा दमकल लगायत विपद व्यवस्थापनका लागि चाहिने उपकरणहरुको व्यवस्था मिलाउने र दमकल जान नसक्ने स्थानहरुमा आगलागी भएको अवस्थामा तत्काल आगो नियन्त्रण गर्न सक्ने गरी Fire Hydrant को व्यवस्था गर्दै लगिनेछ।

१०.पुनर्स्थापना र पुनर्निर्माण रणनीतिहरूः विपद्पछिको पुनर्स्थापना र पुनर्निर्माणका लागि रणनीतिहरू स्थापना गर्दै, अस्थायी आश्रयको व्यवस्था, स्वास्थ्य सेवामा पहुँच, र प्रभावित समुदायहरूको लागि सरकारी , अन्तर्राष्ट्रिय संघ संस्था र गैरसरकारी संस्थाहरूसँगको सहकार्यले पुनर्निर्माण प्रयासका लागि कोष र प्राविधिक विशेषज्ञता हासिल गर्न सहयोग माग गर्ने ।

११.बस्न अयोग्य भएका भवन सम्बन्धमाः भूकम्प, बाडी, आगलागी जस्ता प्राकृतिक प्रकोपका कारण वा जीर्ण भइ बसोबास गर्न नमिल्ने अवस्थाको घर/ भवनहरुको स्थलगत प्रतिवेदन लिई बस्न अयोग्य भएका घर/भवनहरुलाई प्रतिवेदनका आधारमा मोट घरजग्गा कर/सम्पती कर छुट दिइने। त्यस्तो छुट सुविधा लिएका घहरुवाट मानवीय क्षति हुन नदिन अनिवार्य रुपमा भत्काउने व्यवस्था लागू गरिने । यस नगरपालिका क्षेत्रमा सञ्चालित एम्बुलेन्सहरुलाई व्यवस्थित रुपमा सञ्चालन गर्न समन्वय र सहकार्य गरिने।

१२.वृक्षारोपण तथा सहकार्य सम्बन्धमाः यस नगरपालिकाको नगर क्षेत्रभित्र फूटपाथ लगायतका क्षेत्र मा व्यापक रूपमा वृक्षारोपण कार्य गर्ने र बिरुवाको उपलब्भतालाई जिल्ला बन कार्यालय संग सहकार्य गर्ने, खाडल खन्न नगरपालिका बाट budget उपलब्ध गराउने, पहिरो नियन्त्रण, खोला नियन्त्रण, सार्वजनिक जग्गाको संरक्षण (तारबार तथा compound wall) , आश्रयस्थल निर्माण लगायत को विपद संग सम्बन्धित कार्य गर्न विभिन्न सरकारी कार्यालयहरु, राष्ट्रिय तथा अंतर्राष्ट्रिय संघ संस्थाहरु र काठमान्डौ, ललितपुर महानगरपालिकाहरु संग समेत सहकार्य र समन्वय गरि विपद ब्यबस्थापनमा जोड दिइने ।

१३.नगरपालिका क्षेत्र भित्र विपद लगायत साना तिना मर्मत सम्भारका कार्यमा तत्काल सहयोग पुर्याउन Rapid Response Program (RRP) लाई प्रभावकारी बनाइनेछ।

१४.विपद नियन्त्रणको लागि प्रतिकार्य योजना, २०७९ अनुसारका कार्यहरु संचालन गरिने छ।

## म. संस्थागत विकास एवम् सुशासन

१. कर्मचारी विवरण अद्यावधिकलाई छिटो छरितो बनाउनका लागि कर्मचारी विवरण सूचना प्रणाली (PIS) जडान गरि संचालन गरिनेछ ।

२. विद्यमान कार्यबोझ तथा कार्य प्रकृतिलाई समेत मूल आधारमानी संस्थागत क्षमता विकास अध्ययन अनुसन्धान गरी सोको आधारमा मूल्याङ्कन गर्दै O & M गरी कर्मचारी दरवन्दी मिलान गरिनेछ ।

३. नगरपालिका प्रदान गरिने सेवाहरु पूर्ण रुपमा सूचना प्रविधि आधारित बनाउँदै लगिनेछ ।

४. नगरपालिकावाट प्रदान गर्ने निर्माण व्यवसायी प्रमाणपत्र घ बर्ग तथा अन्य संघ संस्थाहरुलाई प्रदान गरिने सेवा सूचना प्रविधिमा आधारित बनाई सेवाग्राहीलाई छिटो सेवा प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

५. नगरपालिका तथा वडा कार्यालयका जनप्रतिनिधी तथा कर्मचारीहरुलाई विषय विज्ञताको आधारमा आवश्यकतामा आधारित क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।कर्मचारीको अनुभव, रुची एवम् विज्ञताको आधारमा कार्य जिम्मेवारी दिइनेछ। २५ वर्ष सेवा गरेका कर्मचारीहरूलाई दीर्घ सेवा पदकबाट सम्मान गरिनेछ।

६. नगरपालिकाको वेवसाईट, इमेल तथा विभिन्न सामाजिक सञ्जालहरूलाई नै विद्युतीय उजुरी पेटिकाको रुपमा विकास गरी यि माध्यमहरूबाट नगरपालिका लगायत अन्तर्गतका वडा तथा विषयगत कार्यालयहरूबाट प्रवाह हुने सेवा तथा विकास निर्माण गतिविधि सम्बन्धमा नियमित जनगुनासो सुनुवाई गरिनेछ। विभिन्न निगरानी निकायहरूबाट प्राप्त गुनासो तत्काल सम्बोधन गरिनेछ। संवैधानिक निकाय, विषयगत मन्त्रालयहरूबाट प्राप्त सुझाव तथा निर्देशनहरूलाई कानून बमोजिम कार्यान्वयन गरिनेछ।

७. समग्र नगरपालिका प्रशासनलाई भ्रष्टचारमूक्त शुन्य सहनशिलता नीति अवलम्वन गरिनेछ।

८. नगरपालिकाको सेवा प्रवाह, काम कार्वाही तथा विकास निर्माण गतिविधि सम्बन्धमा नियमित रुपमा सार्वजनिक सुनुवाई तथा सामाजिक परिक्षण गरिनेछ।

९. नगरपालिकाको समग्र खरिद व्यवस्थापनलाई पारदर्शी, प्रतिस्पर्धी, मितव्ययी, गुणस्तरीय र प्रभावकारी बनाउन वार्षिक खरिद योजना र विकास कार्यक्रम कार्यान्वयन तालिका निर्माण गरी प्रतिस्पर्धात्मक खरिद प्रणाली अवलम्वन गरिनेछ। खरिद व्यवस्थापनमा सूचना प्रविधिको प्रयोग गरी चल अचल सम्पतीहरूको सुरक्षा तथा सामाग्रीहरूको मितव्ययी उपयोगितालाई सुनिश्चित गरिनेछ।

१०. वडाहरूबाट प्रदान गरिने सेवा तथा विकास निर्माण गतिविधि थप प्रभावकारी बनाउन कार्यविधिहरू निर्माण गरी क्रमशः अधिकार प्रत्यायोजन गरिनेछ। यसको लागि आर्थिक अधिकार समेत क्रमशः प्रत्यायोजन गर्दै लगिनेछ।

११. नगरपालिकाको वृहत्तर एवम् व्यवस्थित विकासका लागि आवधिक योजना तथा क्षेत्रगत दीर्घकालिन योजना निर्माण गरिनेछ।

१२. नगरपालिकाको संस्थागत क्षमतासँग सम्बन्धित स्व-मूल्याङ्कन, स्थानीय आर्थिक विकास मूल्याङ्कन लगायतका परिक्षणहरू अनुरुप नगरपालिकाको काम कार्वाहीलाई कानून सम्मत नतिजामूखी बनाईनेछ।

१३. नगरपालिका क्षेत्रभित्र औषधी पसल, दुध तथा मासुजन्य व्यवसाय, फलफूल तथा तरकारी, खाद्यन्न, स्वास्थ्य क्लिनिक, विभिन्न उद्योग व्यवसाय एवम् सेवा व्यवसायहरूको गुणस्तर, मूल्यसूची, वातावरणीय प्रभावलाई ध्यानमा राखी वडास्तरीय जनप्रतिनिधि तथा टोल विकास समितिका प्रतिनिधि समेत संलग्न गराई नियमित अनुगमन गरिनेछ। कैफियत पाईएका व्यवसायीहरूलाई कानून बमोजिम कार्वाही गरिनेछ।

**य. राजश्व परिचालन**

१. नगरपालिकाको आन्तरिक श्रोतको दिगो व्यवस्थापनको लागि करको दायरा र क्षेत्र विस्तार गरिनेछ । यसको लागि करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ। साथै वडास्तरमा टोल विकास समितिसँग समन्वय गरी कर अभियान सञ्चालन गरिनेछ।

२. सेवाग्राहिलाई राजश्व दाखिला गर्ने कार्यलाई छिटो छरितो झन्झटमुक्त गराउन QR कोड, अनलाईन पेमेन्ट तथा मोवाईल बैंकिङ्ग जस्ता सेवालाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ। राजश्व भुक्तानी गर्ने सेवाग्राहीलाई धन्यवाद सहितको SMS नोटिफिकेसन पठाउने व्यवस्था गरिनेछ।

३. आन्तरिक आयलाई दिगो भरपर्दो वनाउनको लागि राजश्व संभाव्यता अध्ययन प्रतिवेदन २०७८ ले कार्यान्वयन गर्न दिएका राजश्व सुधार योजनाका वुदाहरुलाई कार्यतालिका बनाई कार्यान्वयन गर्दै लगिनेछ।

४. नगरपालिकाले लिँदै आएको विभिन्न करहरूलाई नगरवासीले तिर्न सक्ने क्षमताको आधारमा समायोजन गरी एकीकृत कर प्रणाली लागू गरिनेछ। घर वहाल करको सम्वन्धमा कार्यविधि बनाई अगाडी बनाईनेछ ।

५. नगरपालिकाबाट निकासी हुने माटो, बालुवा लगायतका प्राकृतिक श्रोतहरू र कवाडीजन्य वस्तुहरूको निकासी कर संकलन गर्ने व्यवस्था गरिनेछ ।

६. राजश्व चुहावटमा नियन्त्रण, प्रभावकारी लेखा, जिन्सी तथा योजना व्यवस्थापनको लागि विद्युतीय सूचना प्रणालीमा आधारित बनाइनेछ।

७. घर वहाल करको असुलीमा करार भएको मितिबाट वहाल कर वुझाउन आएको महिनासम्मको वहाल कर अनिवार्य र निजले तिर्न चाहेमा आर्थिक मसान्तसम्मको वहाल कर असुली गर्ने र वहालको न्युनतम मूल्य कायम गर्दा करारमा उल्लेख भएकोमा नगरपालिकाले तोकेको न्युनतम मूल्य भन्दा वढी भएमा सोही करार बमोजिम तथा करारमा उल्लेख नभएकोमा निजलाई स्वः घोषणा गर्न लगाई निजले घोषणा गरेको आधारमा नगरपालिकाले तोकेको न्युनतम मूल्य भन्दा कम नहुने गरी वहाल कर निर्धारण गरी असुली गरीनेछ ।

८. घर बहालमा बसेको तथा बहालमा लगाएको सबै घरधुरीको तथ्याङ्क अध्यावधिक गरी स्व-चालित तथ्याङ्कमा आधारित घर बहाल कर संकलनको सुरुवात गरिनेछ। घर बहाल कर तथा व्यवसाय कर तिर्न प्रोत्साहित गर्न आर्थिक वर्षको पहिलो तीन महिनामा विशेष छुटको व्यवस्था गरिनेछ। हालसम्म कर तिर्न नआएका करदाता एकमुष्ठ कर तिर्न आएमा हालसम्मको जरिवाना मिनाहा गरी गत आ.व. को दरमा एकीकृत कर लिई प्रमाण-पत्र दिईने छ।

९. विभिन्न व्यवसाय सञ्चालन गरी हालसम्म व्यवसाय दर्ता नगरेका व्यवसायीहरूलाई व्यवसाय दर्ता गर्न आएमा प्रोत्साहित गर्न यस आ.व. को पहिलो तीन महिनासम्म व्यवसाय दर्ता दस्तुर मात्र लिई जरिवाना मिनाहा गरिनेछ।

१०. नगरपालिकाभित्र खेलकूदजन्य व्यवसाय दर्ता तथा नवीकरण दस्तुरमा आ.व. को पहिलो तीन महिना दश प्रतिशत छुट दिइनेछ।

११. नगरपालिकामा विभिन्न राजश्व तिर्ने करदाताहरूको विवरण नियमित रुपमा वेवसाईटमा प्रकाशन गरिनेछ।

**र. अनुगमन तथा मूल्याङ्कन**

१. विकास निर्माण कार्यको पारदर्शिता, प्रभावकारीता र दिगोपनाको लागि अनुगमन तथा मूल्याङ्कन कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइनेछ ।

२. नगरपालिकाभित्र सञ्चालित विकास योजनाहरूको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नियमित अनुगमन गरिनेछ। योजनाहरूको अन्तिम भुक्तानीमा वडाबाट अनुगमन सहित सिफारिसको आधारमा मात्र भुक्तानी दिईनेछ। उपभोक्ता समितिद्वारा

संचालिन योजनाहरूमा होडिङ्गबोर्ड अनिवार्य गरिनेछ, योजनाको सार्वजनिक सुनुवाई अनिवार्य गरिनेछ।

३. नगरपालिका क्षेत्रभित्र अन्य सरकारी कार्यालय, गैह्र सरकारी निकाय, निजीक्षेत्रबाट सञ्चांलन हुने गतिविधिहरूको अनुगमनलाई अझ सुदृढ बनाउन सहभागितात्मक अनुगमन प्रणालीलाई जोड दिदैं नगरपालिकाबाट लागू गरिएको अनुगमन तथा मूल्याङ्कन निर्देशिका, २०७५ को व्यवस्था बमोजिम अनुगमन गरिने प्रबन्ध गरिनेछ ।

४. नगरपालिका क्षेत्रभित्र औषधी पसल, दुध तथा मासुजन्य व्यवसाय, फलफूल तथा तरकारी, खाद्यन्न, स्वास्थ्य क्लिनिक, विभिन्न उद्योग व्यवसाय एवम् सेवा व्यवसायहरूको गुणस्तर, मूल्यसूची, वातावरणीय प्रभावलाई ध्यानमा राखी वडास्तरीय जनप्रतिनिधि तथा टोल विकास समितिका प्रतिनिधि समेत संलग्न गराई नियमित अनुगमन गरिनेछ। कैफियत पाईएका व्यवसायीहरूलाई कानून बमोजिम कार्वाही गरिनेछ।

५. स्वीकृत वार्षिक कार्यक्रम अनुसार समयमै योजना सम्पन्न गर्न वार्षिक खरिद योजना र कार्य तालिका निर्माण गरी कार्यान्वयन तथा अनुगमन गरिनेछ।

६. नगरपालिकाको आम्दानी तथा खर्च मासिक रुपमा वेवसाईट, विभिन्न सामाजिक सञ्जाल तथा संचार माध्यमबाट सार्वजनिककरण गरिनेछ।

७. नगरभित्र रहेका प्रदेश तथा संघीय सरकारका निकाय, नगरपालिका तथा गैर सरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा साझेदारीमा गर्न सम्बन्धित निकायहरूसँग सहकार्य गरिनेछ ।

**ल. नागरिक सहभागिता**

१. यस नगरपालिका अन्तर्गत बसोबास गर्ने विभिन्न क्षेत्रमा विज्ञता प्राप्त व्यक्तित्वहरूको पहिचान गरी उनीहरूको ज्ञान, सिप, क्षमता र अनुभवलाई नगरपालिकाको सर्वाङ्गीण विकासमा पूर्ण उपयोगको लागि विज्ञ समूह गठन गरिनेछ ।

२. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने विकास योजनाहरूमा उपभोक्ताको लगानी न्यूनतम बीस प्रतिशत कायम गरिनेछ।टोल विकास समितिहरूलाई पचास/पचास प्रतिशतको साझेदारीमा विकास निर्माण गतिविधि सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।पर्यटन विकासको लागि होमस्टे सञ्चालन तथा पूर्वाधार निर्माण गर्न लाभग्राही र नगरपालिका बिच साझेदारी गरिनेछ।

३. नगरपालिका र सबै वडा कार्यालयहरूमा डिजिटल नागरिक वडापत्र व्यवस्था गरिनेछ।सेवा प्रवाहमा नागरिकको अधिकतम सहभागिता सुनिश्चित गर्न डिजिटल गुनासो सुनुवाई प्रभावकारी बनाईनेछ।

४. सार्वजनिक सरोकारका महत्वपूर्ण विषयलाई बृहत नगर सम्वाद/ भिडियो कन्फरेन्स प्रक्रिया स्थापित गरिनेछ।

५. सडक कालोपत्रे गर्न, ढलान गर्न, ब्लक छाप्न र ढल निकासको लागि ५०/५० लागत सहभागिताको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाइनेछ ।

व. **सवारी नियमन**

१. नगरक्षेत्रमा सञ्चालन हुने सडक यातायातका साधन रुट परमिट जारी, खारेज गर्ने, वैज्ञानिक भाडा दर तोक्ने कार्यलाई निरन्तरता दिईनेछ ।

२. अव्यवस्थित पार्किङलाई निषेध गरिनेछ । नगरपालिकाभित्र रहेका सवारी पार्किङ्ग क्षेत्रलाई संघ तथा प्रदेश सरकारको सहकार्यमा व्यवस्थित गर्न पार्किङ स्थलहरूको सम्भाव्यता अध्ययन गरी निर्माण कार्य अगाडि बढाइनेछ ।

३. नगर प्रहरी र नेपाल प्रहरीको सहकार्यमा ट्राफिक नियमबारे जनचेतना अभिवृद्धि गराइनेछ र ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।ट्राफिक प्रहरीसँग समन्वय गरी नगरपालिकाभित्रका चोक तथा सडकहरूमा ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाईनेछ।

४. नगरपालिकाभित्र ठेलागाडामा हुने व्यवसायलाई निरुत्साहित गर्दै ठेलागाडामुक्त सडक तथा बजार कायम गरिनेछ।

५. नगरपालिकाको सबै वडाहरूमा सार्वजनिक सेवाको पहुँच सुनिश्चित गर्न यातायात व्यवसायीहरूसँग समन्वय गरी सार्वजनिक यातायात सुनिश्चित गरिनेछ।

स. **अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार**

१. विभिन्न देशका स्थानीय पालिकासँगको दौत्य सम्बन्ध स्थापित गर्ने, पालिकाले छनोट गरेका आयोजनाहरूमा लगानीको वातावरण तयार गरिनेछ।

२. नेपाल भित्र रहेका द्वियपक्षिय र बहुपक्षिय दातृ सँस्थाहरु एवं विभिन्न अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरुसंग सहकार्य र समन्वय गर्ने नीति लिइनेछ ।

३. दौत्य सम्बन्ध कायम गरिएका स्थानीय तहहरूसँग अनुभव तथा प्रविधि आदान प्रदान गरिनेछ।

ष. **सार्वजनिक निजी सामुदायिक साझेदारी**

१. सार्वजनिक निजी साझेदारी र जनसहभागिता बिना विकासका कार्यहरुले आशातित रुपमा छिटो फड्को मार्न नसक्ने भएकोले सार्वजनिक निजी साझेदारी PPP एवं जनसहभागिता मार्फत नगर विकासको लागि ठूलो पूँजिको स्रोत र साधन जुट्ने भएकोले नीति, कार्यक्रम तथा बजेटको लागि आधारशिलाको रुपमा लिइएको छ ।

२. नगरपालिकाले सार्वजनिक शौचालय, पार्क, फिटनेस सेन्टर, लाईब्रेरी, जस्ता सेवामूलक संरचनाहरु बनाउँदा सार्वजनिक निजी सामुदायिक साझेदारी अवधारणमा आधारित भएर कार्य अगाडि बढाउनेछ ।

३. नगरपालिकामा रहेका निजी संस्थालाई समन्वय गरी नगरपालिका र ती संस्थाहरु मिलेर सिएसआर (संस्थागत सामाजिक उत्तरदायित्व) कोष तयार गरी शिक्षा स्वास्थ्य खानेपानी उद्यमशिलता लगायत अन्य  परियोजनाहरु संचालन गरिनेछ ।

४. नगरपालिकाभित्र तीन वटा क्लस्टरमा बहु-आयामिक MUNICIPAL SERVICE CENTER स्थापना गर्न विभिन्न साझेदार निकायहरूसँग साझेदारी गरी स्थापना गरिनेछ।

**श. संस्कृति तथा सम्पदा**

१. यो बर्ष भित्र नगरपालिका भित्र रहेका हरेक जात्रा, संस्कृति, धार्मिक तथा पुरातात्विक सम्पदाको संरक्षण र नक्सांकन (म्यापिंग) गरी त्यसका आधारमा योजना, कार्यक्रम र नीति तय गरि लागु गरिनेछ ।

२. संस्कृति र सम्पदाहरुको 3D Model एवं डिजिटल म्युजियम बनाउने सम्भाव्यता अध्ययन गरिनेछ । नगरपालिकाभित्रका जात्रा, संस्कृति, धार्मिक तथा पुरातात्विक सम्पदाको सम्बन्धमा जानकारीमूलक भिडियो सन्देशहरू निर्माण गरी व्यापक प्रचारप्रसार गरिनेछ।

३. आधारभूत विद्यालय तहदेखि नै स्थानीय धर्म संस्कृती, पुरातात्विक सम्पदाहरूको संरक्षण सम्बन्धमा जानकारी गराउन सम्भाव्यता हेरी संस्कृतिशाला निर्माण गरिनेछ।

**ह. अध्ययन तथा अनुसन्धान**

१. कागेश्वरी मनोहरा नगरपालिकाका लागि आवश्यक विषयहरूमा अध्ययन तथा अनुसन्धान गर्न चाहने विद्यार्थीहरुलाई सहजीकरण, प्रवर्धन एवं सहायता प्रदान गरिनेछ।

२. नगरपालिका अन्तर्गत रहेका विषयगत शाखाहरुको कार्यक्रमहरुलाई अनुसन्धानमा आधारित बनाइनेछ।

३. विभिन्न क्षेत्रको खोज अनुसन्धानका लागि विज्ञ समूह Policy Discussion Forum (PDF) गठन गरी अनुसन्धानमुलक कार्य गरि तथ्यमा आधारित बजेट, निति तथा कार्यक्रम गरिनेछ।

४. अध्ययन तथा अनुसन्धान कार्यलाई दिगो बनाउन नगरपालिकाभित्र अध्ययन तथा अनुसन्धान केन्द्र निर्माण गरिनेछ। अध्ययन अनुसन्धान मार्फत नगरपालिकाको सेवा तथा विकास गतिविधिलाई आधुनिक प्रविधिमा आधारित बनाईनेछ।

**क्ष. कानून तथा न्याय**

१. न्यायिक समिति अन्तर्गत गठन भएका वडा नं. १ देखि वडा नं. ९ का मेलमिलापकर्ताहरुलाई मेलमिलाप सम्बन्धि ४८ घण्टाको तालिम संचालन गरिनेछ ।

२. स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ४७ को (१ ) र (२) बमोजिम दर्ता हुने मुद्दा तथा सो को प्रक्रिया बारे कार्यपालिका सदस्य, वडा प्रतिनिधि, कर्मचारी, मेलमिलाप समितिलाई कागेश्वरी मनोहरा नगरपालिका न्यायिक कार्य सम्पादन कार्यबिधि, २०७४ लगायत नगरपालिकाका ऐन, नियम तथा कार्यविधि सम्बन्धी पुनर्ताजकीकरण कानूनी कार्यक्रम संचालन गरिनेछ ।

३. महिला, बालबालिका, अपाङ्गता भएका तथा जेष्ठ नागरिकहरुलाई विचाराधीन मुद्दाको रोहमा तत्काल आवश्यक परे उद्दारको व्यवस्था गरि, उद्दार कोषको व्यवस्था गरिनेछ ।

४. न्यायिक समितिका पदाधिकारी र कार्यरत कर्मचारीहरुको कानुनी क्षमता बिकासका लागि तालिमको व्यवस्था गरिनेछ ।
५. हाल सम्म पारित भएका ऐन, नियम, निर्देशिका र कार्यविधिहरुलाई जनभावना, कार्यअनुभव, सिकाइ प्रयोग र समय सापेक्ष परिमार्जन एवं संशोधन गर्दै कार्य सम्पादनमा सहजता प्रदान गरिनेछ । साथै, आवश्यकता अनुसारका नयाँ ऐन, नियमावली, निर्देशिका र कार्यविधि समेत निर्माण गरिनेछ ।

**त्र. आर्थिक प्रशासन सञ्चालन**

१. आर्थिक प्रशासन सञ्चालन सम्बन्धी गतिविधिहरूलाई पूर्ण रुपमा विद्युतीय सूचना प्रणालीमा आवद्ध गरिनेछ।
२. नगरपालिकाको भुक्तानी प्रणालीलाई टोकन प्रणालीमा आधारित बनाइनेछ।
३. आर्थिक प्रशासन सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली, सार्वजनिक खरिद तथा नियमावली लगायत अन्य प्रचलित कानूनहरू बमोजिम सञ्चालन गरी पारदर्शीता, मितव्ययिता, प्रभावकारीता, औचित्यता र जवाफदेहिता अभिवृद्धि गरिनेछ।
४. निश्चित रकम सम्मको चालु तथा पूँजीगत खर्च वडाबाटै सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।
५. निर्माण कार्यमा संलग्न उपभोक्ता समिति तथा टोल विकास समितिका पदाधिकारीहरूलाई जिम्मेवार र उत्तरदायी बनाईनेछ।
६. चालु खर्चलाई नियन्त्रण गरी वाञ्छित सीमाभित्र राख्दै पूँजीगत खर्चको प्रभावकारिता अभिवृद्धि गरिनेछ। यस आर्थिक वर्षको लागि कर्मचारी, शिक्षक लगायतलाई प्रदान गरिदै आएको प्रोत्साहन भत्ता कटौती गरिनेछ।

**ज्ञ. आन्तरिक नियन्त्रण तथा वित्तीय जोखिम न्यूनीकरण**

१. आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन आन्तरिक लेखा परीक्षण र कर परीक्षण कार्यलाई थप प्रभावकारी बनाइनेछ ।
२. नगरपालिका कार्यालयमा हालसम्मको बेरुजुको अद्यावधिक लगत तयार गरी सोको फछ्र्यौट गर्ने साथै बेरुजु आउनै नदिनेगरी आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित बनाइने छ ।
३. अनुत्पादक खर्चलाई कटौती गरी चालु खर्चमा मितव्ययिता कायम गरिनेछ ।
४. वेरुजु असुल उपर गर्न लेखा समितिले सिफारिस गरे अनुसार उपभोक्ता समितिबाट असुल उपर हुनुपर्ने अन्य वेरुजू फरफारक गर्न विषेश पहल गरिनेछ ।
५. कार्यालयको खर्चमा मितव्ययिता र पारदर्शिता कायम राख्न सबै विषय क्षेत्र समेट्ने गरि आन्तरिक नियन्त्रण निर्देशिका तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गरीनेछ ।
६. आर्थिक प्रशासन सम्बन्धि बिद्यमान ऐन, नियम, मापदण्ड तथा कार्यविधिको पालनालाई प्रभावकारी बनाई आर्थिक अनुशासन कायम गर्दै वित्तिय जोखिम न्युनिकरण गरिनेछ ।

७. कार्यक्रम तथा खर्च सम्बन्धी एकिकृत मापदण्ड तयार गरी आर्थिक अनुशासन एवं पारदर्शिता प्रवर्द्धन गरिनेछ ।

८. आन्तरिक लेखापरिक्षणको स्वतन्त्रता कायम राख्दै आन्तरिक लेखापरिक्षणलाई प्रभावकारी वस्तुगत र यथार्थपरक बनाईनेछ ।

९. आन्तरिक लेखापरिक्षणले औंल्याएका वेरुजुलाई अन्तिम लेखापरिक्षण हुनु अगावै फछ्र्यौट गर्ने प्रभावकारी संयन्त्रको व्यवस्था गर्दै सम्बन्धित जिम्मेवारी पदाधिकारी/संस्थालाई जवाफदेही बनाईनेछ ।

१०. आर्थिक प्रशासनको पारदर्शिता र विश्वसनियता अभिवृद्धि गर्न नगरपालिकाको आय/व्यय नियमित प्रकाशन गरिनेछ। साथै सार्वजनिक सुनुवाईलाई प्रभावकारी बनाईनेछ।